# राजविराज नगरपालीका
## नगर कार्यपालिकाको कार्यालय
## राजविराज, सप्तरी २ नं. प्रदेश, नेपाल

प.स.
च.नं.

**विषय : पशुहाट(मवेशी) ठेक्काको शिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति :२०७६ । ०२ । १९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम यस नगरपालिकाको स्वामित्व र संरक्षणमा रहेको वडा नं. १५ को मुसहर्निया पशु हाट हप्तामा एक पटक लगाउने ठेक्का आ.ब.२०७६।०७७ देखी २०७८।०७९ बर्ष ३ (तिन) का लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन इच्छुक व्यक्ती, फर्म, संघ संस्थाले निम्न शर्त बन्देजको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र आह्वान गरिएको छ । यो सूचना पहिलो पटक प्रकाशित भएको मिति २०७६।०२।१९ गते देखी २०७६।०३।०१ गते सम्म कार्यालय समय भित्र रु. १,०००।०० (अक्षरेपी रु एक हजार) (फिर्ता नहुने) तिरी बोलपत्र फारम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फारम सक्कलै २०७६।०३।०२ गते दिनको १२.०० बजे भित्र सिलबन्दी गरी यस नखगरपालिकामा दर्ता गराउनु पर्ने छ । पर्न आएको सिलबन्दी बोलपत्र फारमहरु सोही दिनको २:०० बजे रितपूर्वक खोलिने छ ।

## शर्त तथा बन्देजहरु

१. आ.व. २०७६।०७७ देखी २०७८।०७९ बर्ष ३(तिन) का लागि राजविराज नगरपालिका वडा नं. १५ मुसहर्निया पशु हाट ठेक्काको न्युनतम रकम रु ४,०७,७००।०० (अक्षरेपी रु चार लाख सात हजार सात सय मात्र) कायम गरिएको छ । न्युनतम रकम भन्दा माथि सवै भन्दा बढी रकम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही वोलपत्र दातालाई नियमानुसार ३(तिन) बर्षका लागि ठेक्का दिइ चलन गर्न दिईने छ ।

२. नगरपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, नगरपालिकाले कालो सूचिमा राखी सेवा रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले ठेक्का लिन पाउने छैन ।

३. प्राप्त बोलपत्रहरु मिति २०७६।०३।०२ गते अपरान्ह २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. बोलपत्र दिने व्यक्ति नेपाली नागरिकले बोल रकमको ५ प्रतिशतले हुने धरौटी रकम यस न.पा. कार्यालयको रा.वा. बैंकमा रहेको धरौटी खाता हि.नं. २१८०३०३००७१०८ मा जम्मा गरि सो को सक्कलै भौचर बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

५. बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार न.पा.का.मा सुरक्षित रहने छ ।

६. सदर हुने बोलपत्रदाताले ठेक्का अंकको दामासाहीले हुने धरौटी बाहेकको ३ बर्षलाई कबोल गरेको रकमको बार्षिक दामासाहिले हुने रकम मध्ये पहिलो किस्ता (बार्षिक हुन आउने रकम) सम्झौता गर्दा नै अग्रिम रुपमा बुझाउनु पर्ने छ । बाँकि रकम प्रत्येक बर्ष श्रावण मासान्त भित्र न.पा.मा अग्रिम रुपमा बुझाउनु पर्ने छ । तोकिएको समयमा किस्ता रकम चुक्ता नगरिएमा प्रतिदिन रु ३००।- (तिन सय) विलम्ब शुल्क लाग्ने छ । विलम्ब शुल्क सहित थप ३० दिनको ठेक्का रकम चुक्ता गर्ने अवधी रहने छ । सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका विच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी बढाउने छ । सम्झौता गर्दा दाखिला गरेर बाँकी रकमको हकमा ठेक्का बाँकी अवधिको म्याद भएको परफरमेन्स वण्ड (बैंक ग्यारेन्टी) वा नगरक्षेत्र भित्रको धन तथा जेथा जमानी) दिनु पर्ने छ ।

७. ठेकेदारले राखेको बैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै बखत मांग गरी आफनो बक्यौता रकम असुल उपर गर्ने छ ।

८. ठेकेदारले ठेका रकम असुल उपर गर्दा सडकमा कुनै पनि प्रकारको ढाट वा अवरोधक हरु राख्ने पाउने छैन ।

९. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशनको विना शर्त पालना गर्नु गराउनु पर्ने छ । सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष मांग दावी ठेकेदारले गर्न पाउने छैन ।

१०. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानून (संघीय, प्रदेश तथा स्थानीय सरकार) बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ ।

११. ठेक्का चलन गर्दातोकिएको दररेट भन्दा बढी रकम कुनै पनि हालतमा ठेकेदारले उठाउन पाउने छैन । न.पा. को छाप लागेको रसिद, भरपाई प्रयोजनमा ल्याउनुपर्ने छ । कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही का लागी प्रकृया अगाडी बढाउने छ ।

१२. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्ने छ ।

१३. कुनै किसिमको हडताल, बन्दी चक्काजाम भएका दिनको रकम मिन्हा माग्न पाईनेछैन ।

१४. स्वीकृत बोल कवोल अंकको रकम एक मुष्टजम्मा गरेमा कबोल अंक रकमको १० (दश) प्रतिशत छुट हुने छ ।

१५. ठेकेदारले न.पा.ले तोकेको दररेट  ठेक्का उठाउने स्थलमा सबैले देख्ने गरि होर्डिंग बोर्ड बनाई राख्नु पर्नेछ ।

१६. ठेका चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्ने छ ।

१७. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उतपन्न भएमा राजविराज नगरपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुने छ ।

१८. कुनै पनि बाहाना वा कारण देखाई ठेक्का रकम मिनाहा, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।

१९. यस सुचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुने छ ।

२०. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

**ठेकेदारले उठाउन पाउने दर रेट :**

१. पशु खरिद गर्ने संग खरिद मुल्यको २% प्रतिशत

२. प्रति पशु विक्री गर्ने संग रु १५।-